Received Date: July 2024 Revised: Aug. 2024 Accepted: Sep.2024

# एक चिहान उपन्यासमा वर्गीय र लैङ्गिकशक्ति सम्बन्ध

चतुर्भुजलाल दास केवरत
उपप्राध्यापक, नेपाली विभाग
पाटन संयुक्त क्याम्पस, त्रिवि
cldkewrat@gmail.com
DOI 10.3126/hj.v15i2.70685

**सार**

*एक चिहान उपन्यासमा शक्तिसम्बन्धको प्रस्तुत लेख फ्रान्सेली दार्शनिक मिसेल फुकोको शक्ति सिद्धान्तमा आधारित रहेको छ । शक्तिसम्बन्ध सामाजिक संरचनामा छरिएको हुन्छ । समाजका सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक गतिविधिमा शक्तिका गतिविधि सञ्चालित हुन्छन् । प्रस्तुत अनुसन्धानमूलक लेखमा आर्थिक पक्षसँग सम्बन्धित वर्गीय शक्तिसम्बन्ध र सामाजिक पक्षअन्तर्गत पर्ने सामाजिक लिङ्गसँग सम्बन्धित लैङ्गिक शक्तिसम्बन्धका आधारमा एक चिहान उपन्यासको विश्लेषण गर्ने उद्देश्य राखिएको छ । शक्तिसम्बन्धमा दुइटा पक्षका शक्तिसम्बन्धलाई केलाएर हेरिन्छ । शक्तिसम्बन्धमा एउटा पक्ष प्रभुत्वशाली हुन्छ भने अर्को पक्ष कमजोर हुन्छ । शक्ति विमर्शमा सत्तासीन पक्ष दमनकारी हुन्छ भने सत्ताबाहिर बस्ने पक्ष दमित हुन्छ । शक्ति विमर्शअन्तर्गत वर्गीय दृष्टिकोणबाट अध्ययन गर्दा आधार पक्षमा पहुँच भएको र नियन्त्रण कायम गर्ने अभिजात वर्ग शक्तिशाली हुन्छ भने आधार पक्षमा पहुँच नभएको श्रमिक वर्ग चाहिँ कमजोर हुन्छ । त्यसैगरी लैङ्गिक विश्वदृष्टिका आधारमा पितृसत्तात्मक सामाजिक विमर्शात्मक संरचनामा पुरुष निर्णायक र शक्तिशाली भूमिकामा रहन्छ । त्यहीँनेर महिला भने अधीनस्थ भूमिकामा रहन्छ । एक चिहान सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा काठमाडौँ उपत्यकाका नेवार समुदायमा विद्यमान वर्गीय असमानता र पितृसत्तात्मक संस्कृतिलाई बडो सजगताका साथ चित्रण गरिएको छ । एक चिहानबारे विभिन्न दृष्टिकोणबाट विश्लेषण भए पनि हालसम्म शक्तिसम्बन्धका आधारमा अध्ययन नगरिएकाले प्रस्तुत लेखमा सोही विषयमा केन्द्रित भई अध्ययन गरिएको छ ।*

*शब्दकुञ्जी :* उपन्यास, चिहान, सामाजिक, शक्ति, लैङ्गिकता ।

**विषयपरिचय**

*एक चिहान* प्रगतिवादी उपन्यासकार हृदयचन्द्र सिंह प्रधान (वि.सं.१९७२–२०१६)द्वारा लिखित सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा काठमाडौँ उपन्यकाको विपन्न वर्गीय नेवार समुदायको आर्थिक पछौटेपन, अभिजात वर्गको शोषण, सांस्कृतिक पक्ष र अन्तर्जातीय विवाहका माध्यमबाट सामाजिक सद्भावका साथै राष्ट्रिय एकता दरिलो बनाउन सकिने कथ्य प्रस्तुत गरिएको छ । यसका साथै घर परिवारदेखि समुदाय तथा समाजमा पुरुषकै एकाधिकार चल्ने सन्दर्भको प्रस्तुति पनि छ । *एक चिहान* उपन्यासमा निम्न वर्गीय किसान परिवारको कृषिकर्म, अभिजात वर्गीय पात्र सुरमान सुब्बाको चरम आर्थिक शोषण एवम् दमनकारी व्यवहार, डाक्टर गोदत्त प्रसादको स्वार्थी चरित्र एवम् खलनायकीपनको बारेमा उदाङ्गो पारिएको छ ।

प्रस्तुत उपन्यासमा साहुको ज्यादती, धम्कीपूर्ण भाषाशैली, निम्न वर्गीय पात्र किसान अष्टनारानको कर्तव्यपरायण एवम् निष्ठावान् चरित्र, शिवनारानको कुशल अभिभावकत्व तथा डाक्टर गोदत्त प्रसादको नानीथँकुप्रतिको लोभी नजरलाई प्रखर रूपमा उजागर गरिएको छ । यस उपन्यासमा धनी वर्गले गरिब वर्गलाई जग्गाजमिन जोत्न दिएर आफ्नो अधीनमा कजाएर राख्न खोज्ने एवम् खडेरी परी बालीनाली उत्पादन नभए पनि व्याजको स्याज कसेर तमसुक बनाई गरिब वर्गको आर्थिक शोषण गर्ने प्रसङ्गलाई मार्मिक ढङ्गबाट उठान

गरिएको छ, जुन नेपाली समाजको प्रतिनिधि कथावस्तु बन्न पुगेको छ । *एक चिहान* उपन्यासमा पुरुष पात्रले घर परिवारका महिलामाथि नियन्त्रण कायम गरेकाले यसमा वर्गीय शक्तिसम्बन्ध र लैङ्गिक शक्तिसम्बन्धलाई चित्रण गरेर प्राज्ञिक अध्ययन गरिएको छ ।

## विधि

प्रस्तुत लेख साहित्यिक विषयवस्तुसँग सम्बन्धित भएकोले यसमा गुणात्मक अनुसन्धान विधिको उपयोग गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यस लेखमा प्रगतिवादी उपन्यासकार हृदयचन्द्र सिंह प्रधानद्वारा लिखित *एक चिहान* उपन्यासको पाठलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । *एक चिहान*सँग सहसम्बन्धित समीक्षा, समालोचना, टिप्पणी एवम् शोधकार्यजस्ता पूर्वकार्य एवम् शक्तिसिद्धान्तका सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । पाठ विश्लेषणका लागि वर्णनात्मक विधिको प्रयोग गरिएको छ । *एक चिहान* उपन्यासको कथावस्तुलाई मूल पाठ बनाई पाठपरक अध्ययन पद्धतिका आधारमा व्याख्या विश्लेषण गरी अर्थापन र सत्यापन गरिएको छ ।

## सैद्धान्तिक आधार र विश्लेषणको ढाँचा

शक्तिको अध्ययन सांस्कृतिक अध्ययन अन्तर्गत पर्दछ । सांस्कृतिक अध्ययन अन्तर्गतको ब्रिटिस सांस्कृतिक अध्ययनले संस्कृति र शक्तिका बारेमा अध्ययन गरेको पाइन्छ । शक्तिको अवधारणाबारे उत्तरसंरचनावादी दार्शनिक मिसेल फुकोले विस्तृतमा चर्चा गरेका छन् । उनले शक्ति सर्वत्र व्याप्त हुन्छ भनेका छन् । यसको तात्पर्य के हो भने शक्ति सामाजिक संरचनाका विभिन्न तहमा छरिएको हुन्छ । शक्ति सम्बन्धहरूको समुच्चय हो, जुन निश्चित संस्थाहरू जस्तै राज्य वा सरकारभन्दा पनि समाजमा छरिएको हुन्छ (फुको, सन् २००३) । सामाजिक संरचनाका विभिन्न तहले सामाजिक, आर्थिक, राजनीति र सांस्कृतिक सन्दर्भलाई इङ्गित गर्दछ । फुकोले शक्तिका गतिविधिहरू राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक लगायत समाजका सबै क्षेत्रमा फैलिएका हुन्छ भनेका छन् । यो शक्तिको अभ्यास विश्वव्यापी संसार, राष्ट्र र समाजदेखि लिएर परिवार र व्यक्तिका अन्तर्मनसम्म चलिरहेकै हुने उल्लेख गरेको पाइन्छ (उप्रेती, २०६८) । यसरी शक्ति सानो एकाइदेखि ठुलो एकाइसम्म व्याप्त हुन्छ भनिएको आशय प्रस्ट छ । यसलाई खास गरिकन राजनीतिसँग जोडेर हेर्ने गरिन्छ । सांस्कृतिक अध्ययनले सांस्कृतिक अभ्यास र शक्ति संरचनाका बिचमा रहेका सम्बन्धहरूलाई केलाएर हेर्ने काम गर्छ ।




सांस्कृतिक अध्ययनले शक्तिसंरचनाका विविध पक्षहरूलाई उद्घाटन गर्छ, जसमा लिङ्ग, जाति, वर्ग, उपनिवेशवाद आदि पर्दछन् भन्ने धारणा बार्करको रहेको छ । बार्करले सांस्कृतिक अध्ययनले यिनै संरचना र शक्तिसम्बन्ध बिचको सम्बन्धलाई हेर्छ र यससम्बन्धी विकसित धारणा र परिवर्तनका निम्ति तिनको प्रयोग गरिने कुरालाई अध्ययन गर्छ भनेका छन् (गिरी, २०७४) । सामाजिक संरचनाअन्तर्गत आर्थिक गतिविधि एवम् लैङ्गिकताका सन्दर्भ विद्यमान हुन्छन् । सामाजिक संरचनामा उत्पादनका साधन एवम् आधार पक्षमा अभिजात

वर्गको नियन्त्रण हुन्छ भने निम्न वर्ग उत्पादनका साधनबाट वञ्चित हुन्छ । मार्क्सका अनुसार समाजमा आर्थिक पूर्वाधार र उत्पादनका साधन स्रोतमा नियन्त्रण गर्ने प्रभुत्वशाली समूह आफ्नो स्वार्थ पूर्तिका लागि आफ्ना अधीनका मानिस एवम् समूहको शोषणका लागि शक्तिको प्रयोग गर्छ (बेबर, मिति नभएको) । यस सन्दर्भमा शक्तिशाली व्यक्ति वा समूहले शक्तिको प्रयोग गर्ने प्रस्ट उल्लेख गरिएको छ । *एक बिहान* उपन्यासमा सामाजिक विमर्शका सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक सन्दर्भहरूको यथोचित प्रयोग गरिएको छ । विश्लेष्य उपन्यासलाई सांस्कृतिक अध्ययनकै विभिन्न कोणबाट विश्लेषण गर्न सकिन्छ । प्रस्तुत विश्लेषणमा उत्तरसंरचनावादी दार्शनिक मिसेल फुकोको शक्तिसिद्धान्तलाई मूल आधार बनाएर आर्थिक पक्षसँग सम्बन्धित वर्गीय र सामाजिक पक्षसँग सम्बन्धित लैङ्गिक शक्तिसम्बन्धबारे अध्ययन गर्ने उद्देश्य रहेको छ । वर्गीय शक्तिसम्बन्ध अन्तर्गत अभिजात वर्ग र निम्न वर्गको शक्तिसम्बन्ध तथा लैङ्गिक शक्तिसम्बन्धका लागि महिला र पुरुषका बिचको शक्तिसम्बन्धलाई गहन ढङ्गबाट केलाएर प्राज्ञिक विमर्श गरिएको छ ।

**वर्गीय शक्तिसम्बन्ध**

*एक बिहान* उपन्यासमा विपन्न वर्गीय पात्र किसान अष्टनारानको परिवारको चरम गरिबी र अभावलाई प्रस्ट रूपमा देखाइएको छ । चरम आर्थिक अभावकै कारण चाहिँदो औषधि उपचार हुन नसकेर रोगका कारण असमयमै अष्टनारानको मृत्यु भएको तथ्यलाई उपन्यासकार प्रधानले निकै कुशलताका साथ आख्यानीकरण गरेका छन् । वर्गीय संरचना भएको समाजमा अभिजात वर्गले निम्न वर्गलाई हेपेर दुर्व्यवहार गर्ने सन्दर्भलाई *एक बिहान*मा सूक्ष्म ढङ्गबाट प्रस्तुत गरिएको छ । यस उपन्यासमा अभिजात वर्गीय पात्र डाक्टर गोदत्त प्रसादले अष्टनारानका जेठा छोरा शिवनारानप्रति गरेको दुर्व्यवहारको कथ्यवस्तु यसप्रकार रहेको छ, "...एक छिनपछि एक घण्टा पनि हुन्छ । तिमीलाई" । विरामीका मानिसप्रति डाक्टरले सहानुभूति देखाउनुपर्ने हो । विरामी सिकिस्त छ भनेर उपचारका लागि चाँडै जानुपर्ने हो तर डाक्टर गोदत्त प्रसादले शिवनारान विपन्न वर्गको पात्र भएकाले तुच्छ ठानेर अपमानजनक व्यवहार गरेको प्रस्ट छ । डाक्टर गोदत्त प्रसाद आर्थिक रूपले सम्पन्न भएकाले उसले आफ्नो टोलकै विपन्न वर्गीय पात्र शिवनारानलाई हप्काएर, होच्याएर असामाजिक र अमानवीय व्यवहार गरेको स्पष्ट छ ।

डाक्टर गोदत्त प्रसाद धनी भएकाले आधार पक्षमा उसको पकड रहेको छ । आधार पक्ष मानिने आर्थिक पक्षमा डाक्टर गोदत्त प्रसादको पकड भएकाले उसले शिवनारानसँग प्रभुत्वशाली व्यवहार प्रदर्शन गर्न सकेको हो । मार्क्सवादी दृष्टिकोणमा सामाजिक संरचनामा आधार मानिने आर्थिक पक्षमा पकड र नियन्त्रण भएको अभिजात वर्गले नै अधिरचनामा नियन्त्रण गर्छ भनिएको पाइन्छ । आधार पक्षमा प्रभुत्व जमाएको उच्च वर्गले नै समाजको अधिरचनालाई आफ्नो इच्छाअनुसार सञ्चालन गर्ने मार्क्सवादीहरूको अभिमत रहेको पाइन्छ (किरण, २०६५) । धनी वर्गका पात्र डाक्टर शक्तिशाली भएकै कारण उसले अप्रभुत्वशाली शिवनारानलाई त्यस्तो अपमानजनक व्यवहार गर्न सकेको हो ।

*एक बिहान* उपन्यासमा अष्टनारानका कान्छा छोरा हर्षनारानले आफूले काम गर्ने साहुकहाँबाट पेश्की ज्याला लिएर काम गर्न जान असमर्थ हुँदा साहुले घरमै आएर हुज्जत गरेको सन्दर्भलाई कथावस्तुमा मर्मस्पर्शी तवरले प्रस्तुत गरिएको छ । तल उल्लिखित प्रसङ्गले धनी वर्गको पात्र साहुको हेपाहा व्यवहारलाई उजागर गर्दछ, "तिम्रा बाबुलाई ठिक नहुँदासम्म बर्सादले पर्खि रहे त केही छैन" । यस साक्ष्यमा आफ्ना बाबु सिकिस्त विरामी परी साहुकोमा काम गर्न जान असमर्थ भएका पुननारानलाई उसका साहुले घरमै आएर सामाजिक प्रतिष्ठामा आँच आउने गरी गालीगलौज गरेको प्रस्ट छ । ज्यालादारीमा सिकर्मी काम गर्ने पुननारान विपन्न

वर्गको पात्र भएकाले उसको साहुले घरमै आएर जथाभावी भन्न सकेको हो । पुननारानको आर्थिक अवस्था बलियो भएको भए, ऊ अरूकोमा श्रम गर्न जानै पर्दैनथ्यो र उसले साहुको कडा वचन चुपचाप सहेर बस्नै पदैनथ्यो । सामाजिक विमर्शात्मक संरचनामा अभिजात वर्गीय पात्र साहु वर्चस्वशाली भएकाले उसले आफ्ना घरमा ज्यालामा काम गर्ने पुननारानलाई उसको घरमै गएर हेपेर भन्न सकेको पुष्टि हुन्छ । यहाँनेर वर्गीय शक्तिसम्बन्धले प्रस्ट रूपमा काम गरेको देखिन्छ ।

*एक चिहान* उपन्यासमा भूमिहीन किसान परिवारका पात्र अष्टनारानले गाउँटोलका प्रभुत्वशाली जमिनदार सुरमान सुब्बाको जग्गा मोही भएर कमाएको कथावस्तु छ । मोही अष्टनारानको परिवारले तल्सिङ सुरमान सुब्बालाई कुत बुझाउन नसक्दा सुरमान सुब्बाले गरेको दुर्व्यवहार तथा ज्यादतीलाई सहनु परेको हो । अष्टनारानको परिवार भूमिहीन भएकाले सुरमान सुब्बाको खेती कमाइ गर्दा पनि परिवार पाल्न धौ धौ परेकाले उसले साहुबाट ऋण लिनु परेको वास्तविकतालाई उपन्यासमा सटीक तवरले प्रस्तुत गरिएको छ, "भन तिम्रो इच्छा भए भोलि नै म यहाँ पुऱ्याइ दिन सक्तछु । सुब्बा साहेबसँग ऋण मागि दिउँला, त्यसैबाट कमाएर तिरि देऊ" । यस साक्ष्यमा घर परिवार चलाउन अप्ठ्यारो परेको बेला सुरमान सुब्बाका कारिन्दा रामबहादुरले अष्टनारानकी पत्नी लतमायालाई साहुलाई सिफारिस गरी ऋण दिलाई आफ्नो प्रभावमा पार्न खोजेको देखिन्छ । यसमा कारिन्दा रामबहादुरले आफ्ना साहुको आर्थिक लाभका लागि लगानी गरेर ऋण असुली गरिब वर्गका अष्टनारानको परिवारको आर्थिक शोषण गर्ने आशय प्रस्ट छ । समाजमा धनी वर्गले यसरी नै गरिब वर्गको शोषण गर्ने सन्दर्भलाई यहाँ उजागर गर्न खोजिएको छ ।

*एक चिहान* उपन्यासमा खडेरी परेर कुत बुझाउन असफल अष्टनारानको परिवारलाई साहु सुरमानका छोराले आर्थिक शोषण गरेको सन्दर्भलाई जीवन्त किसिमबाट उद्घाटन गरिएको छ । खडेरी परी बाली बुझाउन असमर्थ भए पछि साहुको छोरा घरमै आई जबर्जस्ती कागज गर्न लगाई बलमिच्याई गरेको सन्दर्भलाई उपन्यासकारले यसरी प्रस्तुत गरेका छन्, "....आफ्नो त सुक्खा परेको हुनाले गएको सालको बाली बाँकी हुँदा उहाँको कान्छा छोरा आएर भन्ने नभन्ने भने । सयकडा २५ बढाएर कागज गरि दिएपछि बल्ल तिनले छोडेर गए" । यस साक्ष्यमा वर्चस्वशाली वर्गको पात्र साहुको कान्छा छोराको ज्यादतीलाई देखाइएको छ । साहुको छोरा धनी वर्गको पात्र भएकाले उसले आफ्नो अधीनमा रहेको मोहीलाई कजाएर सयकडा २५ व्याज जोडेर तमसुक बनाएर मात्र छोडेको स्पष्ट छ ।

उपर्युक्त साक्ष्यमा अभिजात वर्गको पात्र साहुको कान्छा छोराको प्रभुत्वशाली उपस्थिति देखिन्छ । खडेरी परी बालीनाली नभएकाले कुत बुझाउन असमर्थ भएका अष्टनारानको परिवारलाई साहुले कुत माफी गरिदिनु पर्ने हो । तर साहुको छोराले सहानुभूति देखाउनुको साटो उल्टो कडा व्याज जोडेर तमसुक बनाएबाट साहुको कान्छा छोराको आर्थिक शोषणको भाव अभिव्यञ्जित भएको छ । यस उपन्यासमा वर्गीय विकृतिका कारण शोषण र दमनका, उत्पीडन र अत्याचारका भासमा समाज परेको सन्दर्भलाई चित्रण गरिएको छ (सुवेदी, २०५३) । साहुको कान्छा छोराले आर्थिक सम्पन्नताकै कारण विपन्न वर्गीय अष्टनारानको परिवारको शोषण गर्न सफल भएको देखिन्छ ।

काठमाडौँका नेवार समुदायमा विद्यमान वर्गीय असमानताको खाडललाई *एक चिहान* उपन्यासले प्रस्तुत गरेको छ । धनी वर्गको ज्यादती, मनमानीपन, गरिब वर्गका असमर्थता र निरीहपनालाई यस उपन्यासले वस्तुपरक ढङ्गबाट उठान गरेको देखिन्छ । उपन्यासमा गरिब वर्गको अष्टनारानको परिवार आर्थिक रूपले सम्पन्न सुरमान सुब्बाको अधीनमा बाँच्न विवश रहेको तथ्यलाई कथावस्तुमा यसरी अभिव्यक्त गरिएको छ, "हामी कति

ठुला मानिस हौँ र त्यत्रो ठुलो तल्सिङले दया गरेकोमा तिरस्कार गर्नलाई ? दिनेले दिन सक्छ भने लिनेले किन हटि रहने ? लतमायाले भनिन्" । यस साक्ष्यमा अष्टनारानकी पत्नी लतमाया आफूहरू साहु सुरमान सुब्बाका खतुका एवम् ऋणी भएकाले साहुले दिने उपहार, कोसेली अस्वीकार गरी चिढाउन नचाहेकी आशयको अभिव्यञ्जना भएको प्रस्ट देखिन्छ । आर्थिक दृष्टिकोणबाट लतमाया विपन्न वर्गको पात्र भएकीले शक्तिसम्बन्धका आधारमा ऊ कमजोर रहेकी प्रस्ट छ ।

लतमाया आफ्नो परिवार आर्थिक रूपले सम्पन्न नभएकाले अलिक नरम भएर प्रस्तुत भएकी हो र साहुको कारिन्दा रामबहादुरले ऋण लिनभन्दा ऋण लिनका निम्ति सहमति जनाएकी हो । यसमा अभिजात वर्गीय शक्तिले प्रस्ट रूपमा काम गरेको हो भन्न सकिन्छ । शक्ति सत्ताकै समानान्तर हुन्छ । शक्तिलाई सत्ताकै समानान्तरमा प्रयोग गरिन्छ । यहाँनेर आर्थिक रूपले सम्पन्न साहु शासक वर्गका रूपमा चित्रित छ । साहुका कारिन्दा रामबहादुरको प्रतिनिधित्वसमेत प्रभुत्वशाली रहेको छ तसर्थ भूमिहीन किसान परिवारकी लतमायाले रामबहादुरको ऋणको प्रस्तावमा सहमति जनाउन खोजेकी प्रस्ट छ । कथ्यवस्तुमा साहु सुरमान सुब्बाको अभिकर्ता रामबहादुरको शक्तिशाली उपस्थिति देखाइएको छ । उसको मालिक शक्तिशाली भएकाले रामबहादुर आफू पनि शक्तिशाली भएको अनुभूति गर्दै विपन्न वर्गीय पात्र लतमायालाई गफका भरमा आफ्नो प्रभावमा पार्न खोजेको सन्दर्भ उपन्यासमा यसरी चित्रण गरिएको छ, "....तिम्रा सन्तानहरू पनि जागिरदार र पढैया भएर इज्जतदार भएर आउनेछन् । किनभने तिमीहरू सुब्बा साहेबका ससुराली खलक हुनेछौ" । प्रस्तुत साक्ष्यमा रामबहादुरले नानीथँकुको विवाह आफ्ना मालिक सुरमान सुब्बासँग सम्पन्न भएको खण्डमा लतमायाका परिवारको सामाजिक प्रतिष्ठामा वृद्धि हुन गई शानशौकतमा अभिवृद्धि हुने प्रलोभन देखाइएको छ । यस साक्ष्यमा रामबहादुरले लतमायालाई आफ्नो पक्षमा ल्याई नानीथँकु र सुरमान सुब्बाका बिच विवाह सम्पन्न गराउने केवल षडयन्त्र मात्र हो । यस साक्ष्यमा सुरमान सुब्बाको आर्थिक प्रभाव एवम् प्रशासनिक पकडको शक्तिलाई प्रयोग गर्न खोजिएको देखिन्छ । यहाँनेर अभिजात वर्गीय पात्र सुरमान सुब्बाको अनुसार रामबहादुरले दमनभन्दा पनि सहमतीय उपकरण प्रयोग गरेको देखिन्छ । यस सन्दर्भमा रामबहादुरले गरिब वर्गको पात्र लतमायाको मन जितेर सहमतिका माध्यमबाट लतमायामाथि प्रभाव जमाएर नै अभिजातवर्गीय प्रभुत्व लाद्न खोजेको स्पष्ट छ । सबाल्टर्नमाथि प्रभुत्व लाद्ने काम अवश्य पनि अभिजात वर्गले नै गर्दछ । ज्ञान, ज्ञान र शिक्षाको सहमतिको राजनीतिकबाट पनि सबाल्टर्नमाथि शक्तिशाली समूहले आफ्नै प्रभुत्व लाद्ने काम गर्दछ (श्रेष्ठ, २०६८) । रामबहादुरको उपर्युक्त कथनमा अभिजात वर्गीय शक्तिले काम गरेको देखिन्छ ।

*एक चिहान* उपन्यासमा सम्भ्रान्त वर्गका पात्र सुरमान सुब्बाको नोकर रामबहादुरले आफूलाई शक्तिशाली ठानेर अष्टनारानका परिवारसँग रुखो व्यवहार गरेको छ । उपन्यासमा शिवनारानले रामबहादुरले ल्याएका दुइटा देशी तान लिन अस्वीकार गरी रामबहादुरलाई झर्केर बोल्दा रामबहादुरले दिएको जवाफ यसप्रकार रहेको छ, "तैपनि तिमीले होसियार भएर जवाफ दिनुपर्ने । उहाँ र आफ्नो अवस्था पनि त हेर्नु पर्छ । 'सानो मुख ठुलो कुरा' नहुनु पर्ने । रामबहादुरले रिसाएर भने" । यस साक्ष्यमा शिवनारानले रामबहादुरले बोकाएर ल्याएर तान लिन अस्वीकार गरेपछि रामबहादुर क्रुद्ध भएर आफ्नो मालिकको धनको तुजुक देखाउँदै शिवनारानलाई धम्क्याएको हो । रामबहादुर अभिजात वर्गको पात्र सुरमान सुब्बाको नोकर भएकाले उसले हेपेर, होच्याएर शिवनारानलाई 'तिमी' शब्द प्रयोग गरेको हो । शिवनारान गरिब र सुरमान सुब्बाको मोही पनि भएकाले रामबहादुरले साह्रै हेपेर अपमानजनक ढङ्गबाट सानो मुख ठुलो कुरा भन्ने अभिव्यक्ति दिएको स्पष्ट छ । उत्पादनका साधनबाट वञ्चित र पराश्रित रहेको शिवनारानले निम्न वर्गलाई प्रतिनिधित्व गरेको छ । यस

उपन्यासमा साहु महाजनको आर्थिक शोषणको सन्दर्भलाई वस्तुपरक तरिकाले चित्रण गरिएको छ, जुन नेपाली समाजको मुख्य समस्याका रूपमा हालसम्म पनि विद्यमान रहेको छ ।

उपन्यासकार हृदयचन्द्र सिंह प्रधानले समाजमा धनी वर्गको पात्र सुरमान सुब्बाले ऋणीलाई थोरै लगानी गरेर चर्को व्याज असुलउपर गर्ने प्रवृत्तिलाई बडो सजगताका साथ यसरी प्रस्तुत गरेका छन्, "के त पोहोर सालको बाँकी बाली पनि आफ्नो यही पशुबलको भरमा पचाउन हिम्मत गरेको ? दुखेका गर्दन यताउता चलाउँदै रामबहादुरले भने-"तानमा परेको तीन सय रुपियाँ के गर्छौ नि ? सुब्बा साहेबले अहिल्यै लिएर आइज भन्नु भएको छ" । यस साक्ष्यमा रामबहादुर र शिवनारानका बिच तथानाम गालीगलौजका साथसाथै हात हालाहाल भएपछि रामबहादुरले धम्कीपूर्ण भाषा प्रयोग गरेको हो । रामबहादुर आफू धनीको नोकर भएकाले आफूलाई शक्तिशाली ठानेर उसले शिवनारानलाई हेपेर उपर्युक्त 'पशुबल' शब्द प्रयोग गरेको स्पष्ट छ । रामबहादुर शिवनारानबाट गलहत्याइएपछि आक्रोशित भएर आफ्नो मालिकले पाउने बाली तत्कालै माग गरेर धम्क्याई आफूलाई बरिष्ठ देखाउने प्रयत्न गरेको हो । यसमा अभिजात वर्गीय पात्र साहु सुरमान सुब्बाको शोषक प्रवृत्ति उजागर भएको छ । शक्तिसम्बन्धका हिसाबले सुरमान सुब्बा अभिजात वर्गको पात्र भएकोले उसको नोकर रामबहादुरले आफूलाई पनि बलशाली ठानेर शिवनारानप्रति कटु शब्द प्रयोग गरेको हो ।

शक्ति सामाजिक संरचनामा छरिएको हुन्छ । सामाजिक संरचनामा शक्ति व्यक्तिदेखि लिएर विभिन्न संघसंस्थाहरूमा अन्तरनिहित रहन्छ । समाजका विभिन्न संस्थानहरूका माध्यमबाट शक्तिको सञ्चालन र प्रयोग भइरहेको हुन्छ (फुको, सन् २००३, पृ. ३३) । सामाजिक विमर्शात्मक संरचनामा आधार पक्ष एवम् उत्पादनका साधनस्रोतमा नियन्त्रण गर्ने अभिजात वर्गीय पात्र शक्तिशाली हुन्छ । उपर्युक्त साक्ष्यमा रामबहादुरको मालिक सुरमान सुब्बाले अभिजात वर्गको प्रतिनिधित्व गरेकाले रामबहादुरमा अभिजात वर्गीय मालिकको शक्तिको दम्भ प्रकट भई उसले शिवनारानलाई अपमानित गरेर हेपाहा व्यवहार गरेको स्पष्ट छ । उपन्यासको प्रस्तुत सन्दर्भमा अभिजात वर्गलाई सामाजिक संरचनाको एउटा संस्थानकै रूपमा अर्थ्याउन सकिन्छ ।

**लैङ्गिक शक्तिसम्बन्ध**

समाजमा महिला र पुरुषका जैविक निर्मितिलाई बेवास्ता गरी सांस्कृतिक निर्मितिका आधारमा विभेदकारी व्यवहार गरिन्छ । पुरुषलाई बलशाली, बौद्धिक र महिलालाई कमजोर अनि कम बौद्धिक मानेर असमान र हेपाहा व्यवहार गरिन्छ । यो पितृसत्तात्मक सामाजिक संरचनाको सांस्कृतिक विमर्श हो । महिलालाई फरक र विभेदकारी व्यवहार गरी होच्याउनु, अपमानजनक व्यवहार गर्नु, निर्णायक भूमिका प्रदान नगर्नु लैङ्गिकता हो (लर्बर, सन् २००५) । सामाजिक संरचनाका क्रियाकलाप तथा सांस्कृतिक सन्दर्भहरूलाई उपन्यासमा चित्रण गरिएको हुन्छ । *एक बिहान* उपन्यासमा महिला पात्रलाई पुरुष अधीनस्थ देखाइएको छ । विवेच्य उपन्यासमा पुरुष पात्रका सर्वेसर्वापनलाई उपन्यासकार प्रधानले वस्तुपरक तवरले प्रस्तुत गरेका छन् । *एक बिहान* उपन्यासमा पुरुष पात्रलाई निर्णायक एवम् नेतृत्वदायी भूमिकामा उपस्थापन गरिएको छ भने महिला पात्रहरूलाई अधीनस्थ भूमिकामा राखिएको छ ।

यहाँनेर लैङ्गिक शक्तिसम्बन्धले प्रत्यक्ष अप्रत्यक्ष काम गरेको देखिन्छ । उपन्यासको कथावस्तुमा घरमूली अष्टनारानको निधनपश्चात् परिवारको ज्येष्ठताक्रमका आधारमा अष्टनारानकी पत्नी लतमायाले घरव्यवहार चलाउन पाउनु पर्ने हो । तर त्यसो नभएर जेठो छोरा शिवनारानले परिवारको नेतृत्व सम्हालेको सन्दर्भ यसप्रकार रहेको छ, "...शिवनारानले लतमाया र नानीथकुँलाई पनि घरमा बसी बसी कपडा बुन्ने काम मिलाएका थिए" । यस साक्ष्यमा घरमूली अष्टनारानको निधनपश्चात् घरको जिम्मेवारी शिवनारानले सम्हाल्नुबाट पुरुषको वर्चस्वशाली भूमिका र प्रतिनिधित्व प्रस्ट छ । पितृसत्तात्मक पुरुषप्रधान समाजमा बुबाको निधनपछि घरको जिम्मेवारी आमाले भन्दा पनि जेठो छोराले नै सम्हाल्ने सामाजिक विमर्शलाई यस कथनले पुष्टि गर्दछ । यस सन्दर्भमा अष्टनारानकी पत्नी र उसकी छोरी नानीथकुँलाई गौण भूमिका प्रदान गरेबाट पुलिङ्गी पात्रको

प्रभुत्व र स्त्रीलिङ्गी पात्रको अधीनस्थता देखिन्छ । यस सन्दर्भमा पुरुष पात्र शक्तिशाली भूमिकामा रहेको छ भने महिला पात्र कमजोर भूमिकामा रहेका छन् ।

*एक बिहान* उपन्यासमा शिवनारानको प्रभुत्वशाली व्यवहारलाई प्रस्टसँग देखाइएको छ । यस उपन्यासमा अष्टनारानको मृत्युपश्चात् घरव्यवहार जम्मै शिवनारानले सम्हालेको कथ्यवस्तु छ । उपन्यासमा शिवनारानकी पत्नी हाकुमायाले आफ्नो पति शिवनारानलाई ठट्टा गर्दा शिवनारानले हेपाहा आशयमा प्रयोग गरेको कथन यसप्रकार रहेको छ, “तिमीलाई मिठो नलागे के त, मलाई मिठो लागेको छ । तिमी सुत न मजासित कुम्भकर्णै बनेर ! शिवनारानले ठट्टाकै भावमा भने” । प्रस्तुत साक्ष्यमा हाकुमायाले दाम्पत्य प्रेमका सन्दर्भमा पति शिवनारानलाई हाँसो ठट्टा गर्दै भने पनि शिवनारानले कुम्भकर्ण भनेर कटाक्ष प्रयोग गर्नुमा शिवनारानको प्रभुत्वशाली व्यवहार उजागर भएको हो भन्न सकिन्छ । पितृसत्तात्मक सामाजिक विमर्शात्मक संरचनामा पुरुष निर्णायक स्थान र भूमिकामा रहने भएकाले ऊ बलशाली हुन्छ त्यहीँनेर महिला गौण स्थान र भूमिकामा रहने भएकाले कमजोर हुन्छ । लैङ्गिक शक्तिसम्बन्धका हिसाबले शिवनारान बलियो देखिन्छ भने उसकी पत्नी हाकुमाया कमजोर देखिन्छे ।

प्रस्तुत उपन्यासमा घरमूली अष्टनारानको निधन भएपछि घरको कामकाज उसको जेठो छोरा शिवनारानले सम्हालेको कथ्यवस्तु छ । शिवनारानकी आमा हुँदाहुँदै छोराले घरको रेखदेखको जिम्मेवारी पाउनु भनेको पुरुषलाई बढी महत्त्व दिइनुका साथै महिलालाई कम महत्त्व प्रदान गर्नु पनि हो । यसमा सामाजिक लिङ्गको भूमिका देखिन्छ । घरपरिवारका मानिसले घरमूलीलाई नै सोधेर घरको केही निर्णय गर्ने सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, “सुत्नलाई पल्टँदा पल्टँदै हाकुमायाले वास्तविक घटनाको भावमा भनिन्-होइन, बहिनीको बिहे गर्ने किन हतारो नमान्न भएको ?” । यस साक्ष्यमा शिवनारानकी पत्नी हाकुमायाले आफ्नी नन्दको बिहेका लागि आफ्ना पतिसँग भलाकुसारी गर्न खोजेकी छ ।

तरुनी नन्दको बिहेको लागि आफ्नी सासूआमा लतमायासँग घरसल्लाह गर्नुपर्ने हो तर त्यसो नगरी आफ्ना पनि शिवनारानसँग सल्लाह गर्नुले पारिवारिक निर्णय प्रक्रियामा महिलाको गौण भूमिकालाई इङ्गित गर्दछ । घरपरिवारको महत्त्वपूर्ण निर्णय पुरुषले नै सम्पन्न गर्ने, महिलाले निर्णय गर्न सक्तिनन् भन्ने सोचाइ पुरुषवादी विचारधाराको द्योतन हो । नेपालको सांस्कृतिक विमर्श अनि सामाजिक संरचनाको लैङ्गिक परिप्रेक्ष्यमा महिलालाई कम महत्त्व प्रदान गरिँदै पुरुषलाई बढी भूमिका दिइएको सन्दर्भले महिला पात्रको गौण स्थानलाई उजागर गरेको छ । शिवनारानकी पत्नी हाकुमायाले घरको श्रेष्ठ सासूआमा लतमायासँग नन्दको बिहेको बारेमा परामर्श नगर्नु अनि आफू स्वयम्ले पनि निर्णय लिन नसक्नुबाट तिनका कमजोर उपस्थितिलाई प्रस्ट पारेको छ । यसमा लैङ्गिक शक्तिको विमर्शले काम गरेको देखिन्छ ।

*एक बिहान* उपन्यासमा अष्टनारानको निधन भएपछि घरपरिवारको जिम्मेवारी बोकेका शिवनारानले परिवारका सदस्यहरूलाई कामको बाँडफाँड गर्छ । उसले आफ्ना भाइहरू, आमा, बहिनी सबैलाई फरक फरक जिम्मेवारी तोकेबाट शिवनारानको प्रभुत्वशाली प्रतिनिधित्व देखिन्छ । यस उपन्यासमा बाबुको निधनपश्चात् घरपरिवारको नेतृत्व सम्हालेका शिवनारानले आफ्ना आमा र बहिनीलाई कामको बाँडफाँड गरेको सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, “....भरेदेखि नानीथकुँलाई भात पकाउन दिएर तपाईं कपडा बुन्ने काममा लाग्नु होला । शिवनारानले एक्कासि आदेश जाहेर गरे जस्तो गरी आमालाई भने” । यस साक्ष्यमा शिवनारानले आफ्ना आमा लतमाया र बहिनी नानीथकुँलाई कामको बाँडफाँड गरी जिम्मेवारी तोकिदिएको स्पष्ट छ ।

उपर्युक्त साक्ष्यको पूर्वापर प्रसङ्गलाई केलाएर हेर्दा के देखिन्छ भने आफ्नो अनुपस्थितिमा तानमा कपडा बुन्न बसेकी बहिनी नानीथकुँसँग घण्टौँ हाँसोठट्टा गरी बस्ने डाक्टर गोदत्त प्रसादको व्यवहारबाट रुस्ट भई शिवनारानले यस्तो निर्णय गरेको हो । यस सन्दर्भमा पारिवारिक सन्दर्भको निर्णय गर्ने शक्ति शिवनारानको हातमा रहेको पुष्टि हुन्छ । यहाँनेर पुरुषवादी विचारधाराले काम गरेको देखिन्छ । विचारधारा यस्तो प्रणाली हो जसले व्यक्ति र समूहका मानसिकतालाई दमन गर्छ (आल्थुसर, सन् १९७०) । प्रस्तुत उपन्यासमा सुरमान सुब्बाका नोकर रामबहादुरले विभिन्न आकर्षण देखाएर आफ्ना मालिक र नानीथकुँका बिच वैवाहिक सम्बन्ध

कायम गराउन लतमायालाई फकाउन खोजेको कथ्यवस्तु छ । रामबहादुरले लतमायालाई आफ्नी छोरीको विवाहका बारेमा निर्णय लिनभन्दा लतमायाको अभिव्यक्ति यसप्रकार रहेको छ, "... तैपनि 'हुन्छ' नै भनेर सहसा स्वीकार गर्न लतमायाले आँट गर्न सकिनन् । त्यसैले उनले राम बहादुरलाई यति मात्र भनिन्–"छोराहरूसित पनि एक चोटि सल्लाह गरूँ" । प्रस्तुत साक्ष्यमा परिवारमा उमेरको ज्येष्ठता क्रममा लतमाया सर्वश्रेष्ठ र जेठी भए पनि घरको अहम् सवालमा एक्लैले निर्णय गर्न असमर्थ रहेकी तथ्यलाई पुष्टि गर्दछ । यस साक्ष्यमा महिला पात्रका निरीहपना र पुरुष पात्रको निर्णायक भूमिका रहेको सन्दर्भ इङ्गित छ ।

लतमाया एक्लैले रामबहादुरको सुरमान सुब्बा र नानीथकुँका वैवाहिक प्रस्तावलाई सहजै स्वीकार गर्न नसकी छोराहरूबाट उक्त प्रस्तावको अनुमोदन गराउन खोज्नुबाट लतमायाको कमजोर भूमिका प्रस्ट हुन्छ । सामाजिक विमर्शात्मक संरचनामा महिलाको निर्णायक भूमिका नरहेकाले लतमायाले आफू एक्लैले निर्णय गर्न नसकेकी स्पष्ट छ । यस सन्दर्भमा पारिवारिक निर्णय प्रक्रियामा महिलाको भूमिका कमजोर रहेको प्रस्ट हुन्छ । यहाँनेर लैङ्गिक शक्तिसम्बन्धले काम गरेको देखिन्छ । महिला कमजोर भूमिकामा अनि पुरुष चाहिँ वर्चस्वशाली भूमिकामा रहेको तथ्य पुष्टि हुन्छ । विवेच्य उपन्यासमा पुरुष पात्र शिवनारानको निर्णायक भूमिका देखाइएको छ ।

अष्टनारानको शेषपछि घरपरिवारको सारा नीतिनियम, निर्देशन शिवनारानको इसारामा चलेकाले शिवनारानको प्रभुत्वशाली चरित्राङ्कनलाई इङ्गित गर्दछ । उपन्यासमा शिवनारानको वर्चस्वशाली भूमिकालाई एउटा प्रसङ्गमा यसरी प्रस्तुत गरिएको छ, "हेर नानीथकुँ ! भोलिदेखि डाक्टर यहाँ आएको पाएँ भने म निको मान्ने छैन । उनको पनि म खुट्टा नभाँचीकन छोड्दिन" । यस साक्ष्यमा शिवनारानले आफ्नी बहिनी नानीथकुँलाई धम्क्याएको प्रस्ट छ । शिवनारानले दिनहुँ आफ्नो घरमा आएर बहिनीलाई भेट्ने डाक्टर गोदत्त प्रसादलाई भेटेरै भए पनि डाक्टरलाई सोझै धम्क्याउन वा तर्साउन सक्थे तर उनले त्यसो नगरी आफ्नी बहिनीलाई तर्साउनुमा शिवनारानको वर्चस्वशाली भूमिका इङ्गित भएको छ । यस सन्दर्भमा लैङ्गिक शक्तिसम्बन्धले काम गरेको देखिन्छ ।

## निष्कर्ष

*एक चिहान* उपन्यासमा अभिजात वर्गीय पात्र सुरमान सुब्बाले आफ्नो पहुँच, पकड र धनबलको आडमा भूमिहीन पात्र किसान अष्टनारानको परिवारको आर्थिक शोषण गरेको सन्दर्भलाई प्रस्ट देखाइएको छ । प्रस्तुत उपन्यासमा उत्पादनका साधनस्रोतमाथि नियन्त्रण भएको भूमिपति सुरमान सुब्बा, प्रशासनिक हिसाबले पनि पहुँचवाला भएकाले उसले शासक वर्गीय शक्तिको प्रयोग गरी अष्टनारानको परिवारमाथि अन्याय, अत्याचार गरेको, खडेरी पर्दा पनि कुत बुझाउन असमर्थ अष्टनारानको परिवारको सयकडा २५ का दरले चर्को ब्याज जोडेर तमसुक बनाएको सन्दर्भ प्रस्तुत गरिएको छ । गाउँका सम्भ्रान्त वर्गीय पात्र डाक्टर गोदत्त प्रसादले धनबलकै आडमा नानीथकुँमाथि कुदृष्टि राखी नानीथकुँलाई दोस्री पत्नी बनाउन खोजेको स्पष्ट छ । त्यसैगरी घरमूली अष्टनारानको निधन पश्चात् घरको नेतृत्व सम्हालेका शिवनारानले निर्णायक भूमिका खेली परिवारका पुरुष तथा महिला सबैमाथि नियन्त्रण कायम गरेको स्पष्ट छ ।

पारिवारिक वरीयताक्रमको आधारमा अष्टनारानको निधनपश्चात् उसकी पत्नी लतमायाले घर सम्हाल्ने नेतृत्व पाउनुपर्ने हो तर पितृसत्तात्मक सामाजिक संरचना भएकोले त्यसो नभइ अष्टनारानको जेठो छोरा शिवनारान नै घरमूली बन्न पुगेको छ । यसमा पितृसत्तात्मक सांस्कृतिक विमर्शले काम गरेको देखिन्छ, जुन शक्तिसम्बन्धसँग जोडिएको विषयवस्तु हो । वस्तुतः यस उपन्यासमा वर्गीय शक्तिसम्बन्धका हिसाबले अभिजात वर्गीय पात्र सुरमान सुब्बा, उसको कारिन्दा रामबहादुर शक्तिशाली भूमिकामा र अर्को साहुसमेत शक्तिशाली भूमिकामा तथा भूमिहीन किसान परिवारका अष्टनारानका सन्तान कमजोर भूमिकामा उपस्थापन गराइएको छ । त्यसैगरी लैङ्गिक दृष्टिकोणबाट पुरुष पात्र शिवनारानको अहम् भूमिका र महिला पात्रका अधीनस्थ भूमिका प्रस्तुत गरिएकोले पुरुष पात्र निर्णायक एवम् शक्तिशाली र महिला पात्रलाई अधीनस्थ र गौण भूमिकामा उपस्थापन

गरिएको पुष्टि हुन्छ । शक्तिसम्बन्ध विश्लेषणका दृष्टिकोणबाट हेर्दा प्रस्तुत कृति महत्त्वपूर्ण रहेको छ भन्न सकिन्छ ।

## सन्दर्भ सामग्री

आल्थुसर, लुइस (सन् १९७०), आइडियोलजि एन्ड आइडियोलजिकल स्टेट एपाराटस, *लेनिन एन्ड फिलोसफि एन्ड अदर एस्सेज,* मन्थली रिभ्यु प्रेस, १-५२ ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* (तेस्रो सं), अक्षर क्रियसन्स ।

किरण (२०६५), *नेपाली समाज र संस्कृति : एक सङ्क्षिप्त अध्ययन,* विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

गिरी, अमर (२०७४), सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, *भूमण्डलीकरण र साहित्य.* भृकुटी एकेडेमिक पब्लिकेसन्स २२५-२७८ ।

प्रधान, हृदयचन्द्र सिंह (२०६७), *एक चिहान,* (संक्षिप्तीकृत सं), साझा प्रकाशन ।

फुको, मिसेल (सन् २००३), पावर एन्ड इन्सटिच्युसन्स, *रुटलेज क्रिटिकल थिङ्कर्स.* सारा मिल्स (सं.), रुटलेज टायलर एन्ड फ्रान्सिस ग्रुप, ३३–५२ ।

लर्बर, जुडिथ, (सन् २००५), *जेन्डर इनइक्वालिटी,* (तेस्रो सं.), लस एन्जेलस : रक्सबरी पब्लिसिङ हाउस

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०५५), *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* भूमिका प्रकाशन ।

Marx, Weber, Parsons and others. *state; power as Elaborated*. https://egyankosh.ac.in>bitstream>unit 19 PDF_ 20-39.